फोन : ४-२४४०४७

त्रिभुवन विश्वविद्यालय
त्रि–चन्द्र बहुमुखी क्याम्पस
(स्थापित १९७५ वि.सं.)

क्याम्पस प्रमुखको कार्यालय
सरस्वती सदन, काठमाडौं ।

पत्र संख्या:-

मिति: २०८१।०६।१३

## वि.एस्सी. प्रथम वर्षको नयाँ भर्ना सम्बन्धि सूचना

यस त्रि-चन्द्र क्याम्पसमा शैक्षिक वर्ष २०८१।०८२ अन्तर्गत विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गत स्नातक तह (वि.एस्सी) प्रथम वर्षमा भर्ना हुनका लागि विज्ञान डीनको कार्यालयद्वारा २०८१।०६।०५ गते संचालन भएको प्रवेश परीक्षामा सम्मिलित भई नाम प्रकाशित भएका विद्यार्थीहरुको लागि भर्ना खुलेको हुँदा मिति २०८१।०६।१३ गते देखि कार्तिक मसान्तसम्ममा तपसिल बमोजिमको रकम यस क्याम्पसको नेपाल बैक लिमिटेडमा रहेको चल्ती खाता नं २१७००१००१९२४७३००००01 मा बुझाएको सक्कल भौचर भर्ना शाखामा बुझाई अनिवार्य रुपमा भर्ना हुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

प्रवेश परीक्षामा नाम निस्किएका विद्यार्थीहरुले भर्ना हुन आउँदा परीक्षाको प्रवेश पत्र, स्कोर कार्डका साथै +2 को Transcript, Character Certificate, Provisional , Migration को Photo copy अनिवार्य रुपमा बुझाउनु पर्ने छ ।

### तपसिल

**वार्षिक भर्ना शुल्क**

| | |
|---|---|
| PCM /PSM बाहेकका Combination हरुको लागि: | रु. ६९७५।- |
| स्वास्थ्य विमा शुल्क: | रु. ५००।- |
| जम्मा रकम: | रु. ७,४७५।- |
| PCM /PSM Combination हरुको लागि: | रु. ६८२५।- |
| स्वास्थ्य विमा शुल्क: | रु. ५००।- |
| जम्मा रकम: | रु. ७,३२५।- |

माथि उल्लेखित भर्ना शुल्कमा Environment, Metrology / Geology विषयहरुको Field Visit शुल्क समावेश गरिएको छैन । भर्ना फाराम भर्ना शाखाबाट रु.२००।- तिरी प्राप्त गर्न सकिनेछ । साथै रजिष्ट्रेसन फारम संगै भर्न समेत सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**नोट:**

१. कक्षा संचालन मिति २०८१।०८।०२ गते देखि हुने सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।
२. भर्ना हुने समय बिहान ११:०० बजे देखि ४:०० बजे सम्म ।
३. विस्तृत जानकारीको लागि www.iost.tu.edu.np मा हेर्न सकिनेछ ।

सहायक क्याम्पस प्रमुख
सहायक क्याम्पस प्रमुख
त्रि-चन्द्र बहुमुखी क्याम्पस

त्रिभुवन विश्वविद्यालय

# विज्ञान तथा प्रविधि अध्ययन संस्थान

## डीनको कार्यालय

कीर्तिपुर, काठमाडौं, नेपाल

पत्र सङ्ख्या
च.नं. 263/081/082

मिति २०८१।०६।०९

श्री क्याम्पस प्रमुख/प्रिन्सिपलज्यू,
B.Sc. कार्यक्रम सञ्चालित
सबै क्याम्पसहरू ।

**विषयः नतिजा प्रकाशित गरिएको बारे ।**

उपर्युक्त विषयमा विज्ञान तथा प्रविधि अध्ययन संस्थानले मिति २०८१ असोज ५ गते सञ्चालन गरेको B.Sc. प्रवेश परीक्षा २०८१ को नतिजा योग्यताक्रमका आधारमा प्रकाशित गरिएको बेहोरा मिति २०८१ असोज ९ गतेको निर्णयानुसार जानकारी गराउँदछु ।

क्याम्पसले निम्नानुसार भर्ना तथा कक्षा सञ्चालन गर्नुपर्ने छ:

क) अ). B.Sc. General (Physics, Chemistry, Math, Botany, Zoology, Statistics, Geology, Hydrology & Meteorology), B.Sc. Env. Science, B.Sc. Microbiology अध्यापन हुने आङ्गिक तथा सम्बन्धन प्राप्त क्याम्पसहरुको सूची यस कर्यालयको बेबसाइट https://iost.tu.edu.np/ बाट प्राप्त गर्न सकिनेछ । विद्यार्थी भर्ना गर्दा क्याम्पसले क्याम्पसमा चौंथो वर्षमा पढाइ हुने Major विषयको पनि जानकारी गराउनुपर्नेछ ।

आ). विद्यार्थी भर्ना गर्दा क्याम्पस/कलेजहरूले अनिवार्य रूपमा ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपी प्रवेश परीक्षा २०८१ उत्तीर्ण भएको स्कोर कार्ड र माइग्रेसनको सक्कल प्रति राखेर मेरिट बेसिसका आधारमा विद्यार्थी भर्ना गर्नुपर्नेछ ।

ख) क्याम्पस/कलेजहरूले मेरिट बेसिसका आधारमा निम्नानुसार भर्ना कार्यक्रम प्रकाशित गर्ने:

१. **भर्ना कार्यक्रम: मिति २०८१ असोज १० गतेदेखि** आरम्भ हुनेछ। (भर्ना कार्यक्रम क्याम्पस/कलेजले नै प्रकाशित गर्ने र आवश्यक भए दोस्रो, तेस्रो सूची पनि योग्यताक्रमै प्रकाशित गर्ने ।)
२. **अभिमुखीकरण (Orintation) : २०८१ कार्तिक २६ गते**
३. **कक्षा सञ्चालन: २०८१ कार्तिक २७ गतेदेखि** हुनेछ ।
४. विद्यार्थी भर्ना हुन क्याम्पस/कलेजमा जाँदा प्रवेश परीक्षाको प्रवेश पत्र र स्कोर कार्ड अनिवार्य रूपमा लिई जानुपर्नेछ । प्रवेश परीक्षा २०८१ को स्कोर कार्ड नतिजा प्रकाशन भएको मितिले ३५ दिनभित्र स्वतः रद्द हुनेछ ।

त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल

पत्र सङ्ख्या
च.नं.

ग) प्रवेश परीक्षामा सामेल भएका तर तोकिएको योग्यता नपुगेका विद्यार्थीहरूको प्रवेश परीक्षा स्कोर मान्य (valid) हुनेछैन । आवश्यक न्युनतम योग्यता नपुगेका विद्यार्थी भर्ना गरेको पाइएमा त्यस्ता विद्यार्थीहरूको भर्ना स्वत: रद्द हुनेछ र सोको जिम्मेवार क्याम्पस र स्वयम् विद्यार्थी नै हुनेछन् ।

घ) प्रोभिजनल रूपमा भर्ना नगर्न सबै क्याम्पस कलेजलाई सूचित गरिन्छ ।

ङ) प्रवेश परीक्षाको नतिजामा उत्तीर्ण भए पनि भर्नाको समयमा आवश्यक शैक्षिक प्रमाणपत्रहरू पेस गर्न नसकेका विद्यार्थीहरूको भर्ना नगर्न क्याम्पसहरूलाई निर्देशित गरिन्छ ।

च) त्रि.वि. बाहेक स्वदेशी वा विदेशी विश्वविद्यालयबाट प्रविणता प्रमाणपत्र तह, +2 वा माध्यामिक विद्यालयको परीक्षा वा सो सरहको परीक्षा उत्तीर्ण गरेका विद्यार्थीहरूको माइग्रेसनसहित समानस्तर (Equivalence) निर्धारण गरेको प्रमाणपत्र रुजु गरी भर्ना गर्नुपर्नेछ ।

छ) क्याम्पसहरूमा निर्धारित भर्ना कोटामध्ये त्रि.वि. नियमानुसार २० प्रतिशत विद्यार्थी समावेशी आधारमा र ८० प्रतिशत खुल्ला प्रतिस्पर्धाबाट भर्ना लिन सुचित गरिन्छ

ज) समावेशी कोटामा भर्ना हुन चाहने विद्यार्थीहरूले कक्षा ८,९ र SLC/SEE तह सरकारी सामुदायिक विद्यालयबाट उत्तीर्ण गरी कक्षा ११ र १२/माध्यामिक तह सामुदायिक विद्यालयबाट उत्तीर्ण गरेको हुनुपर्नेछ । नेपाल सरकारको छात्रवृत्ति प्राप्त गरी निजी विद्यालयमा अध्ययन गरेको भए सोको सक्कल प्रमाण पेस गर्नुपर्नेछ ।

झ) भर्नापश्चात् सबै कलेजहरुले भर्ना भएका विद्यार्थीहरुको सूची मिति २०८१ कार्तिक मसान्तभित्रमा यस डीन कार्यालयको इमेल info@iost.tu.edu.np मा अनिवार्य रुपले पठाउनुपर्नेछ ।

परीक्षाफल सकेसम्म त्रुटिरहित होस् भन्ने उद्देश्य राखी प्रकाशित गरिएको छ तापनि छपाइ तथा अन्य कुनै कारणवस त्रुटि देखिएमा यस कार्यालयको अभिलेखबाट सच्याइनेछ ।

(पुनश्च: फाराम भर्दा प्रयोग गरिएको वेबसाइटबाटै **स्कोर कार्ड (Score Card)** डाउनलोड गरी प्राप्त गर्न सकिनेछ । फाराम भर्दा **आवश्यक डकुमेन्ट पूरा नभएका** विद्यार्थीको नतिजा withheld मा राखिएको छ । ती विद्यार्थीहरुले आवश्यक डकुमेन्ट एक हप्ता भित्र यस प्रवेश परीक्षाको इमेल bsc@iost.tu.edu.np मा पठाएर स्कोर कार्ड प्राप्त गर्न सक्नेछन् ।)

सहायक डीन